बागमती प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## प्रदेश समन्वय परिषद्को बैठक

बैठक संख्याः (०६) हालसम्म

बैठक संख्याः (०१) आर्थिक वर्ष २०८२/०८३

अध्यक्षताः माननीय मुख्यमन्त्री श्री इन्द्रबहादुर बानियाँ

मितिः २०८३।०१।१४ गते

स्थानः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा ।

**बैठकका निर्णयहरुः**

१) प्रदेश समन्वय परिषद्को पाँचौं बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गरियो।

२) विपद् र विपद् जन्य घटनासँग सम्बन्धित कार्य सञ्चालन गर्नको लागि हाल कार्यान्वयनमा रहेको **"प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८०"** लाई समयानुकूल सामञ्जस्य हुने गरी संशोधन गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रक्रिया सुरु गर्ने।

३) बागमती प्रदेशमा हुन सक्ने विपद्जन्य घटना र त्यसको रोकथाम तथा व्यवस्थापनको पूर्वतयारीको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले तेऱ्ह जिल्लाकै प्रमुख जिल्ला अधिकारीहरू र सुरक्षा निकायका प्रतिनिधिहरू समेत उपस्थित हुने गरी वैशाख मसान्तभित्रमा पूर्व तयारी तथा समन्वय बैठक आयोजना गर्ने।

४) स्थानीय तहहरूसँग समन्वय गर्नको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थानीय तह समन्वय शाखा स्थापना गर्ने।

५) नेपाल सरकारले हालै स्वीकृत गरेको **"सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२"** अनुसार बागमती प्रदेशका स्थानीय तहहरूले मापदण्ड, २०८२ को परिधिभित्र रही आ-आफ्नो पालिकाको नियमअनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन प्रकृया सम्पन्न गर्ने र स्वीकृत संगठन संरचना



Scanned with CamScanner

तथा दरबन्दीलाई प्रदेश किताबखानामा पद दर्ता प्रकृया पुरा गरी मात्रै रिक्त भएका पदहरूमा पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा माग पठाउने।

६) प्रदेश सरकारले आयोजना प्रस्ताव गर्दा बिस लाख भन्दा कम लागत अनुमानका साना खानेपानी र साना सिँचाई आयोजनाहरू र पचास लाख भन्दा कम लागत अनुमान भएका लिफ्ट सिँचाई, लिफ्ट खानेपानी, सडक तथा पुल पूर्वाधार, भवन, पार्क, मन्दिर, तटबन्ध लगायतका अन्य पूर्वाधारहरू सम्बन्धित स्थानीय तहबाट कार्यान्वयन हुने गरी मात्र प्रस्ताव गर्ने।

७) तीनै तहका सरकारले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा तहगत सरकारहरूको बजेट, कार्यक्रम तथा आयोजनासँग दोहोरोपना नपर्ने गरी तर्जुमा गरी प्रस्ताव र कार्यान्वयन गर्ने।

८) साबिकमा जिल्ला विकास समिति तथा गाउँ विकास समितिमा नियुक्त भई कार्यरत र स्थानीय तहमानै समायोजन भएका कर्मचारीहरूको अवकाश पछिको सुविधाको लागि ती कर्मचारीको तर्फबाट कट्टी भएको र कार्यालयको तर्फबाट थप भएको सञ्चित रकमको यथार्थ विवरण सङ्कलन गरी सबै जिल्ला समन्वय समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उपलब्ध गराउने।

९) बागमती प्रदेशमा हालसम्म पनि स्थानीय तहको केन्द्रदेखि जिल्ला सदरमुकाम सम्म सडक पूर्वाधार नपुगेको सन्दर्भमा जिल्ला समन्वय समितिले त्यस्ता स्थानीय तहको विवरण भौतिक पूर्वाधार विकास मन्त्रालयमा उपलब्ध गराउने। प्राप्त विवरणको आधारमा बागमती प्रदेशका सडक पूर्वाधार नपुगेका स्थानीय तहमा सडक पूर्वाधार पुऱ्याउने विषय आगामी वर्षको नीति तथा कार्यक्रममा समावेश गरी आवश्यक बजेट भौतिक पूर्वाधार विकास मन्त्रालयले विनियोजन गर्ने।

प्रदेश सचिव

मुख्यमन्त्री



CS Scanned with CamScanner

राष्ट्रिय समन्वय परिषद्मा सिफारिस गर्ने विषयहरू-

१) बागमती प्रदेशको प्रशासनिक संरचना सहित परिसरको पूर्वाधार निर्माणको लागि विशेष अनुदान रकम माग गर्न नेपाल सरकारसँग अनुरोध गर्ने।

२) ट्राफिक नियम उल्लङ्घन गरेबापत ट्राफिक प्रहरीबाट सवारी चालक तथा सवारी धनीलाई गरिने जरिवाना हालसम्म प्रदेश सञ्चित कोषमा जम्मा हुने गरेको नदेखिएकोले संवैधानिक व्यवस्था बमोजिम यातायात क्षेत्र तथा सवारी कर प्रदेशको एकल अधिकारको क्षेत्र भएकोले ट्राफिक जरिवानाबाट प्राप्त हुने रकम प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाउन नेपाल सरकारसँग अनुरोध गर्ने।

३) साविकमा सङ्घीय सरकारका निकायबाट सञ्चालन भई प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरिएका अधुरा खानेपानी, सिँचाई लगायतका आयोजनाहरू पूरा गर्न आवश्यक पर्ने रकम प्रदेश तथा स्थानीय तहले माग गर्ने र त्यस्ता आयोजनाको आवश्यकता र औचित्य सहित ती आयोजनाहरूमा हालसम्म भइसकेको लगानीबाट उचित प्रतिफल प्राप्त गर्ने कार्यमा आवश्यक सहजीकरण गर्न नेपाल सरकारसँग अनुरोध गर्ने।

४) सङ्घीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४ को उपदफा (२) र दफा ४ को उपदफा (८) अनुसार ५० करोड रुपैयाँसम्म स्थिर पुँजी भएका उद्योगहरूको दर्ता प्रदेश कानूनमा व्यवस्था भएबमोजिम हुने भनी उल्लेख भएकोले नेपाल सरकारले हालै सार्वजनिक गरेको 'शासकीय सुधार सम्बन्धी एक सय दिनको कार्यसूची' को ६६ नम्बर बुँदामा २५ करोडसम्मका उद्योगलाई एकीकृत रूपमा घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गर्ने र ४५ दिनभित्र दर्ता शुल्क खारेज गर्ने भनी भएको निर्णय प्रदेश सरकारको अधिकारको विषय भित्र पर्ने भएकोले उक्त कार्यसूचीको बुँदा परिमार्जन गर्न नेपाल सरकारसँग अनुरोध गर्ने।

५) प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने ६,००० मिटरदेखि ७,००० मिटर सम्मका हिमाल आरोहण इजाजत तथा रोयल्टी सङ्कलन सम्बन्धी अधिकार प्रदेशलाई दिनुपर्ने र बागमती प्रदेशभित्र दर्ता भई सञ्चालनमा रहेका तीन तारे होटेल तथा रिसोर्टहरूको दर्ता अनुमति, नवीकरण तथा नियमन सम्बन्धी अधिकारको कार्यान्वयनको लागि सम्बन्धित कागजात प्रदेशमा हस्तान्तरण गर्न अनुरोध गर्ने।

प्रदेश सचिव

मुख्यमन्त्री



Scanned with CamScanner